जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः २७१ पृष्ठः ४ | २०८० फाल्गुन ०७ गते सोमबार (Monday 19 Feb. 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## गाउँमै आँखाको नि:शिल्क उपचार पाएपछि स्थानीय खुसी



**आशिष विश्वकर्मा**

सिरहा, ६ फाल्गुन। गाउँमै निशूल्क आँखाको उपचार पाएपछि धनगढीमाई नगरपालिकाका वासिन्दा खुसी भएका छन्। धनगढीमाई नगरपालिका र तिलगंगा आँखा प्रतिष्ठान काठमाडौंको साझेदारीमा पछिल्लो १० दिनदेखि सञ्चालित आँखा जाँच शिविरमा नि:शुल्क उपचार पाएपछि उनीहरु खुसी भएका हुन्। मोतिया विन्दुका अप्रेशन (शल्यक्रिया) पछि आफ्नो दुर-दृष्टिमा सुधार आएकोमा वडा नम्वर ५ जयपुरका ७३ वर्षिय बुद्धिलाल महतोले खुसी व्यक्त गरे। उनले भने, 'उमेरसँगै मैले टाढादेख्न छोडिसकेको थिएँ। असजिलो गरी जीवन चलिरहेको थियो। शल्यक्रिया पछि अहिले म डाढापनि देख्न सक्ने भएको छु।'

आर्थिक अभावका कारण आँखाको उपचार गर्न नपाएकी ८० वर्षीय जलेश्वरी देवी कामतीले उपचार पछि ज्योती फर्केकोमा खुशी व्यक्त गरे। उनले भने, 'राम्रोसँग देख्न छोडिसकेको भएपनि आर्थिक अभावका कारण उपचार गराउन पाईरहेको थिईन, नगरपालिकाले घरमै नि:शुल्क उपचार सेवादिएर हाम्रो आँखाको ज्याति फर्काएर राम्रो काम गरेको छ।' धनगढीमाई नगरपालिका १० का ५७ वर्षिय लोकबहादुर मगरको आँखामा ३ वर्ष अघि मोतियाविन्दुको समस्या देखिएपनि विभिन्न कारण शल्यक्रिया गराउन सकिरहेका थिएनन्।

गाउँमै प्रतिस्टित अस्पतालको टिम नै आएर उपचार गर्ने भएपछि आफूले सेवा लिएको मगरले बताए। उनले भने, 'मेरो आँखामा तीन वर्ष अधि नै मोतिया विन्दुको समस्या भएको थियो। त्यसबेला शल्यक्रिया गर्ने अवस्था भएको थिएन। पछिपनि विभिन्न कारणले अस्पताल जान नपाईरहेको बेला नगरपालिकाले गाउँमै अप्रेशन सहितको नि:शुल्क शिविर ल्याएपछि मेरो पनि अप्रेशन भयो। यो नगरपालिकाले व्यक्तिले फाईदा पाउनेगरी शिविर आयोजना गरेर राम्रो काम गरेको छ।'

एक साताभन्दा लामो समयसम्म चलेको शिविरमा पाँच सय २४ जनाको नि:शुल्क आँखा अपरेसन भएको नगरपालिकाका समाजिक विकास शाखाका संयोजक समेत रहेका वडा नम्वर ९ का वडाअक्ष प्रकाश योञ्जनले जानकारी दिए। उनले भने, 'यो पटक अत्यन्तै राम्रोसँग शिविर सम्पन्न भयो। हामीले तिलगंगा आँखा प्रतिष्ठानलाई बार्षिक रुपमा शिविर संचालन गरिदिन र नगरपालिकामा सर्जिकल सेवा सहितको शाखा खोलिदिन अनुरोध गरेका छौं।'

नगरको आफ्नै अस्पताल भए पनि शल्यक्रिया गर्न र शल्यक्रियापछि बिरामीलाई आराम गर्ने पर्याप्त ठाउँ नभएकाले धनगढीमाई १० स्थित प्रमुख प्रशासकीय भवनमा उपकरण जडान गरी आँखाका बिरामीको शल्यक्रिया गरिएको निमित्त प्रमुख प्रशासकिय अधिकृत तथा स्वास्थ्यशाखा प्रमुख विन्देश्वर प्रसाद यादवले जानकारी दिए।

यादवले प्रतिष्ठानबाट डा. इन्दिरा पौण्डेलको नेतृत्वमा चार चिकित्सक र २२ जना स्वास्थ्यकर्मी गरी २६ जना र नगरपालिकाले समेत आवश्यक प्राविधिक जनशक्ति परिचालन गरेको बताए। शिविरमा नगरका स्वास्थ्यकर्मीहरूले आँखाको बिरामीको मधुमेह र रक्तचाप जाँच्नेबाहेक शल्यक्रियामा प्रतिष्ठानकै चिकित्सक र स्वास्थ्यकर्मीहरूको संलग्नता छ,' भन्दै पौण्डेलले भने, शिविरको अन्तिम दिन सम्ममा पाँच सय २४ सयजना बिरामीको शल्यक्रिया गरिएको छ।'

प्रतिष्ठानबाट आएका चिकित्सक र स्वास्थ्यकर्मीको टोलीले गत २५ माघदेखि भवानीपुर, अयोध्यानगर, फुलकहाकट्टी, हनुमाननगर स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र सर्रे अम्बास, प्राकृतिक अस्पताल र नयनपुर अस्पतालमा बुधबारसम्म आँखाका बिरामीको आँखा जाँच गरी शल्यक्रिया गरिनुपर्ने बिरामी पहिचानका लागि स्क्रिनिङ शिविर चलाएका थिए।

तिल गंगा आँखा प्रतिष्ठान, काठमाडौंका परियोजना अधिकृत महेश पराजुलिले प्रतिष्ठानको

**-बाँकी अन्तिम पेजमा**

## भिडियो खिचेको आरोपमा सशस्त्रका डीएसपी पक्राउ

काठमाडौं, ६ फाल्गुन। सशस्त्र प्रहरी बलका डीएसपी तुलसिंह केसी पक्राउ परेका छन्। पोखरास्थित नम्बर-४ बाहिनी पोखरामा कार्यरत केसीलाई स्वयम्भूबाट पक्राउ गरिएको हो। काठमाडौं प्रहरी प्रमुख एसएसपी भुपेन्द्र खत्रीका अनुसार डीएसपी केसीले लुकेर एक युवती र पुरुषको भिडियो खिचेको उजुरी परेपछि उनलाई पक्राउ गरिएको हो।

वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ अनुसार अनुमतिबिना कसैको तस्बिर वा भिडियो खिच्न पाइँदैन। ऐनमा कसैले कुनै पनि व्यक्तिको चरित्र वा सामाजिक प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मञ्जुरीबिना निजको तस्बिर खिच्न नहुने भनिएको छ।

## मुख्यमन्त्री यादवलाई तेस्रो पटक विश्वासको मत

**धर्वेन्द्र झा**

जनकपुरधाम, ६ फाल्गुन। मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले तेस्रो पटक विश्वासको मत प्राप्त गर्नुभएको छ। आइतबार बसेको मधेश प्रदेश सभाको बैठकमा उनले विश्वासको मत प्राप्त गरेको हो। मधेश प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले आइतबारको बैठकमा मत विभाजन गर्दा मुख्यमन्त्री यादवले आजको मधेश प्रदेश सभाको वैठकमा आफूमाथि विश्वास छ भनी गर्नुभएको प्रस्तावको पक्षमा ६९ मत र विपक्षमा ३५ मत परेको थियो। प्रदेश सभामा १०७ जना सदस्य रहेकोमा आजको बैठकमा १०४ जनाको उपस्थिति रहेको थियो। मुख्यमन्त्री यादवले प्राप्त गर्नुभएको मत उपस्थित सदस्य संख्याको बहुमत रहेकाले मुख्यमन्त्रीले विश्वासको मत पाएको सभामुख मण्डलले घोषणा गरे।

मुख्यमन्त्री यादवको पक्षमा नेपाली काँग्रेस, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेकपा ( माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), राप्रपा नेपाल, संघीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरूले मतदान गरे। मुख्यमन्त्री यादवको विपक्षमा नेकपा (एमाले) र जनमत पार्टीले मतदान गरे। मधेश सरकारमा सहभागी जनमत पार्टीले गत माघ ९ गते समर्थन फिर्ता लिएपछि ३० दिन भित्रमा विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान बमोजिम मुख्यमन्त्री यादवले तेस्रो पटक विश्वासको मत लिए।



सरकारलाई दिएको समर्थन कुनै दलले फिर्ता लिएमा पुनः ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था छ। नेपालको संविधान २०७२ को धारा १८८ को २ मा सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि ३० दिनभित्र मुख्यमन्त्रीले संसद् बैठक आह्वान गरी विश्वासको मत लिनसक्ने प्रावधान रहेको छ। मधेस प्रदेश सरकारमा १०७ प्रदेश सभा सदस्यमध्ये बहुमतका लागि ५४ सदस्यको समर्थन चाहिन्छ। प्रदेश सभामा सबैभन्दा ठुलो दलको रूपमा रहेको एमालेको २३, कांग्रेसको २२ र जनता समाजवादी पार्टी नेपालको १८, जनमत पार्टीको

**-बाँकी अन्तिम पेजमा**




**भिजिट तथा पर्यटक भिसामा विदेश यात्रा गर्दा आवश्यक पर्ने कागजातहरू**

अनुमति प्राप्त मुलुकहरुमा पर्यटकको रुपमा जाँदा भिजिट तथा पर्यटक भिसामा देहायका कागजात आवश्यक पर्दछ :

- कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी,
- सम्बन्धित देशको प्रवेषाज्ञा,
- दुईतर्फी हवाई टिकट,
- भ्रमण अवधिभरको होटल बुकिंग वा आफन्तसँग बस्ने भए एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने प्रमाण,
- भ्रमण खर्च व्हहोर्ने संस्थाको निमन्त्रणा पत्र वा कम्तीमा ५०० अमेरिकी डलर बरारको नगद सटहीको प्रमाण।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## मन्त्री ज्वालाले नैतिकता नदेखाए बर्खास्त गर

बालकुमारी घटनामा मुख्य कमजोरी करार गरिएका भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाबाटै नैतिकता प्रदर्शन हुन्छ या बर्खास्त गरिन्छ भन्ने यतिखेर बहुचासोको विषय बनेको छ। छानबिन समितिले ज्वालाकै बढी कमजोरी देखाउँदै गृहमन्त्रालय हुँदै प्रधानमन्त्रीकहाँ प्रतिवेदन पुगिसकेको छ। तैपनि मन्त्री ज्वालाबाट उचित नैतिकता' प्रदर्शन भएको छैन। छानबिन प्रतिवेदनलाई आधार बनाउँदै सदनमा आइतबार मन्त्री ज्वालाले नैतिकताका आधारमा राजीनामा दिनुपर्ने माग उठिसकेको छ। यदि उनले सहज नैतिकता प्रदर्शन नगरेको खण्डमा प्रधानमन्त्रीले तिनलाई बर्खास्त गर्नुपर्ने माग पनि सांसदहरुबाट उठिसकेको छ ।

आइतबार संसदीय प्रश्नोत्तर हुँदैगर्दा छानबिन प्रतिवेदन हेर्न नभ्याएको' जवाफ दिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल सदनबाट उम्किएका छन्। तैपनि अध्ययनपछि आवश्यक कारबाही गर्ने आश्वासन दिन भने दाहाल चुकेनन्। यद्यपि उनी प्रशासक तथा सुरक्षाकर्मीमाथि उतिबेलै कारबाही भएको देखाउन पछि परेनन्। उनको त्यो अभिव्यक्तिसँगै मन्त्रीलाई चाहिँ जोगाउन खोजिएको हो कि भन्ने आशंका यथावत् छ। त्यो दिन भीआईपी' कोटीका मन्त्री ज्वालाको सवार', त्यो रुटमा नभएको भए, सायद दुई युवाको अकालमा ज्यान जाने थिएन। भीडभाड र प्रर्दशन भइरहेकै तनावग्रस्त बालकुमारीमा झण्डा हल्लाउँदै मन्त्री ज्वाला सवार' भएपछि अनपेक्षित घटना हुन पुग्यो। जहाँ गत पुस १३ मा दुई युवाको ज्यान गएको थियो।

ज्वाला सवार ल्यान्डक्रुजर प्राडो जलाएपछि बालकुमारी क्षेत्र तनावग्रस्त बनेको थियो, जहाँ गोली चल्यो। त्यसले दुई युवाको ज्यान गयो। उक्त घटना छानबिन गर्न गठित समितिले डेढ महिनापछि प्रतिवेदन बुझाएको छ। छानबिन प्रतिवेदनले मन्त्री ज्वालालाई दोषी देखाउँदै भनेको छ, मन्त्री ज्वालाले खेलाँची गरी उल्टो दिशाबाट जानै नहुने ठाउँमा पुगी गल्ती गर्नुभएको छ।'

अर्थात् उक्त घटना हुनुमा मन्त्री ज्वाला पूर्णतः जिम्मेवार छन्। मन्त्री ज्वाला आफ्नै पार्टीका कार्यक्रममा मन्त्रीको झण्डावाल सवारी साधन प्रयोग गरेर हिँडे, त्यो पनि आफू हिँड्ने रुटबारे सुरक्षा निकायलाई कुनै जानकारी नगराइकन। उनले न पार्टीको कार्यक्रममा जाँदा सूचना दिए, न फर्कदा नै। पहिलो त, मन्त्री र उनका पीएसओले सुरक्षा निकायलाई रुट'बारे पूर्वजानकारी नगराउनु र दोस्रो, भीडभाडयुक्त प्रदर्शनी थलो हुँदै हिँड्नुको दोष मन्त्रीले नै लिनुपर्छ। बालकुमारी घटनामा प्रशासन/सुरक्षा निकाय अधिकारीहरु कारबाही परिसकेका छन्।


मन्त्रिपरिषद्का सदस्यहरुलाई जथाभावी जहाँसुकै झण्डावाल फर्फराउँदै हिँड्ने प्रवृत्ति रोक्नेमा पनि सचेत गराइनुपर्छ। किनभने हामीकहाँ मन्त्रीको तुजुक प्रदर्शन गर्न अनुचित र अनावश्यक थलोमा सवार' पनि झांगिएकै छ। बालकुमारीको तनावग्रस्त क्षेत्रमा मन्त्री ज्वाला जानै नहुने थलोमा मन्त्री झण्डा हल्टाउँदै हिँडेकै कारण हिंसात्मक घटना हुन पुगेकै हो। उनको लापरवाही दुई युवाको ज्यान गएको सवालमा जिम्मेवारी बहन गर्नुपर्छ, राज्यको जिम्मेवार पदाधिकारी भएका नाताले पनि।

विगतमा पनि प्रधानमन्त्री वा मन्त्रीहरुबाट नैतिकता प्रदर्शन भएका उदाहरणहरु हामीसँग प्रशस्त छन्। बंगलादेश अध्ययन गर्न गएका हाम्रा चेलीविरुद्ध अनुचित शब्द प्रयोग गरेसँगै विवादित बन्न पुगेका शेरबहादुर तामाङले नैतिकताका आधारमा मन्त्री पदबाट राजीनामा दिएको धेरै समय भएको छैन।

पञ्चायतकालमा पनि प्रधानमन्त्री–मन्त्रीहरुबाट नैतिकता प्रदर्शन भएकै हुन्। २०३० असार २४ को मध्यरातमा सिंहदरबारमा आगलागी हुँदा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले राजीनामा दिए, त्यो मध्यरातमा विष्टले आगो लगाएका त थिएनन्। सिंहदरबार जे–जसरी जले पनि जल्नु' को नैतिकता आफैँले लिए। अनि विष्टले चार दिनपछि राजीनामा दिए। उनले नैतिकताका आधारमा राजीनामा दिनुपर्छ भन्ने माग कतै पनि उठेको थिएन। २०४४ फागुन २९ का दिन दशरथ रंगशाला फूटबल खेल हुँदै भागदौड चल्यो, जहाँ ७० जनाभन्दा बढीको ज्यान गयो।

अर्थात्, केशरबहादुर विष्टले घटनाको ७० दिनपछि दिएको राजीनामा दरबारबाट स्वीकृत भएको थियो। राजनीतिकर्मीले नैतिकता प्रदर्शन नगर्ने हो भने अरुलाई प्रश्न गर्ने हक गुमाउनेछन्। त्यसको भार मन्त्रिपरिषद्लाई पर्नेछ। लोकतन्त्र र गठबन्धनकालमा नैतिकहीन' छूट कसैलाई छैन, हुँदैन पनि। यदि मन्त्रीमा नैतिक चेत' विद्यमान रहेन या भएन भने प्रधानमन्त्रीले नै एक्सन' लिनुपर्छ।

# प्रजातन्त्र दिवस



खगेन्द्र संग्रौला

उराठलाग्दो अर्को बिहान। हिउँद ढलेर जान लागेको छ तर जाडोको झनै बैँस चढेजस्तो छ। मुटुधरि ठिहिऱ्याउने स्याँठ चलिरहेछ। मखमलीको फाटेर धुजाधुजा भएको मनजस्तै छ वातावरण– हुस्सु लागेको, अत्यासलाग्दो। बस बिसौनीको पेटीको कुनामा पात झरेको, सानो, सित्रो रूख छ, मखमलीजस्तै। त्यसकै फेदमा बसेकी छे ऊ। अपार वेदना भरिएका उसका आँखा सुन्निएका छन्। उसका परेली बाटिएका छन् र आँखीभुइँ गाँठा परेका छन्। उसका काला–नीला ओठमा बेचैनीका सातपत्र कलेँटी परेका छन्। मखमलीका अगाडि थोत्रो स्टोभ छ। बलुँ कि निभुँ, बलुँ कि निभुँ गर्दै त्यो बलिरहेछ, त्यसरी नै जसरी मखमलीको सास चलिरहेछ।

स्टोभको छेउमा बिट फुटेको माटाको घैँटो, दूधका चारपाँचवटा शिशी, चिनीको ट्वाक, चियापत्तीको पुरिया र केही शिशाका गिलास छन्। गिलास कुनै सद्धे छन्, कुनै चर्केका छन्। मखमलीको कमाइखाने सिरिखुरी सम्पत्ति त्यत्ति हो। हो, उसका निम्छरा आशा, उसको जीवनको धमिलो प्रकाश, उसका निर्धा सपनाको संसार, उसको अस्तित्वको सार जे भने पनि त्यही हो। मखमलीको मट्याङ्ग्रेले हान्निदै आएर भन्यो, आमा, आमा, माथि हेर त।' मखमलीले भारी आँखा उठाएर माथि हेरी। सडकको किनारैकिनार खाँबाका टुप्पाटुप्पामा लहरै झन्डा टाँगिएका छन्। मट्याङ्ग्रेले चकित स्वरमा कौतुक पोख्यो, आमा, कति धेरै ! कति राम्रा ! कसका लुगा हुन् आमा ती ?'

ती हाम्रा हैनन्,' मखमलीका उत्साहहीन आँखा पानी उम्लिन लागेको चियादानीमा झुके। सडकमा अचानक एक बगाल घोडा देखापरे। अग्ला न अला, चिल्ला न चिल्ला, चिटिक्क सिँगारिएका, औधी डरलाग्दा। दायाँबायाँ ओहोरदोहोर गरिरहेका मानिसहरू मूर्तिसमान जहाँको तहीँ खडा भए मानौँ घोडाको डरले ती थरहरी भए। गाडीहरू अदपसाथ घोडालाई बाटो खाली गरिदिँदै छेउ लागे। र, अब मान्छेको सडकमा घोडाको एकछत्र राज चल्यो– बडरम्, बडरक्, बडरम्, बडरक्। मट्याङ्ग्रेले त्रस्त आँखाले पलभर घोडाको राइँदाइँ हेऱ्यो। अनि कहालिँदै ऊ आमाको जिउमा लिपिक्क टाँसियो।

आज के हो, आमा ? मट्याङ्ग्रेले सोध्यो, आज बडा दिन हो ?' हो,' आमाले यन्त्रवत् रूपले ओठ चलाई, आज पर्जातन्त्र दिवस हो।' त्यो भन्या घोडा हो, आमा ?' छोराले घोडा गएतिर आँखा तन्काउँदै सोध्यो। मखमलीले यसोक्क वरिपरि हेरी। अनि ओठमा चोर औँलो राखेर उसले सान गरी– चुप् ! बडा दिन क्या बडा दिन। त्यै दसैँजस्तै,' साउतीको स्वरमा मखमलीले भनी। मट्याङ्ग्रे फुरुङ्ग पऱ्यो। उसको जिब्रो त्यसै–त्यसै रसायो। उसका रोमरोममा तिर्सनाका फोहोरा फुटे। उसलाई सम्झना छ, दसैँजस्तो रमाइलो बेला बरु केही हुँदैन। दसैँमा उसकी आमा मासु ल्याउँछे– कुखुराका दुइटा टाउका, चारपाँचोटा खुट्टा। अहा ! तात्तातो मासुको झोलसँग च्युरा मुछेर खाँदा क्या स्वाद हुन्छ !

आज मासु खाने हो त आमा ?' घुटुक्क थुक निल्दै छोराले भन्यो, खाने, खाने, मासु र च्यूरा।' यो हाम्रो दसैँ हैन, लाटा,' पीडा मुछिएको स्वरमा मखमलीले सम्झाई, यो हाम्रो हैन।' कसको हो त ?' मुखमा परिसकेको मिठाई खोसिएझैँ खिन्न मुद्रामा छोराले सोध्यो। हाम्रो हैन, अरूअरुको।' कसको त ढामा, घोडाको ?' मखमली झसङ्ग भई। छोराको मुख थुन्दै उसले भनी, चुप लाग् मुर्दार, कसैले सुन्यो भने...।' सान र हुङ्कार, धाक र रोब देखाउँदै सडकमा घोडाको अर्को बगाल कुद्दै आयो– बडरम् बडरक्, बडरम् बडरक्। हातमा डण्डा बोकेको जवान कतै हुस्सुबाट खसेझैँ मखमलीको सामुन्ने खडा भयो। मखमलीको आङ सिरिङ्ङ भयो। डण्ठेको डसाइबाट छलिन उसले गिलास पखालेको स्वाङ पारी।

याँबाट हट् ! ' हावामा डण्ठा हल्लाउँदै जवान कड्क्यो, था छैन आज के हो ?' यो मेरो पेट पाल्ने मेसो हो, बाबु राजा !' उसले दुःखपुकारा गरी। यस्तो दिनमा याँ यो बिजोकको बिस्कुन सुकाउने ?' जवानले हावामा डण्ठा हल्लायो। आज यो सब खाली हुनुपर्छ। माथिको आदेश यै छ– खाली र सफाचट्।' बरु एक कप चिया खाऊँ राजा !' मखमलीले बिन्ती बिसाई, म गरिब बेसहारा।' जवानको बुट चियादानीको पेटमा बज्र्यो। चियादानी पल्ट्याङ–पल्ट्याङ हुँदै बाह्र हात पर पुग्यो र चिया घप्क्ल्याक्कै घोप्टियो। मखमलीले आफ्ना झिना आशा तात्तातो चियासँगै माटामा बिलाएको देखी। आँसु टलपल–टलपल गरिरहेका असहाय आँखाले जवानलाई उसले पुलुक्क हेरी। ती आँखाको भित्री पत्रमा क्रोधको ज्वाला उत्रेको थियो। तर उसका ओठ भने अवाक् र आतङ्कित थिए।

सरकारी ड्युटी पूरा गरेर जवान बाटो लाग्यो। मखमलीले चिसो धरतीमा आँसुका ताता थोपा खसाउँदै आफ्नो सिरिखुरी कुम्लो पारी। हिँड्न खोज्दा उसका गोडा लागेनन्। कहाँ जाने ? यो बडा दिनमा उसले टेकेर उभिने थलो खै कहाँ छ ? उसले दुःखजिलो गरी खाने ठाउँ कहाँ छ ? ऊ त्यसै त्यसै रनभुल्ल परी। ठीक त्यही बेला उसका थकित आँखा एउटा घोडामा थुरिन पुगे। त्यो पहिलेका तीन सरकारको घोडा थियो। घोडा वायु वेगमा पैयाँ ठोक्ने सुरमा कालो थुम्कोमाथि उभिएको थियो। घोडाले अगाडिको एउटा खुट्टो खुम्च्याएर अर्को खुट्टो उडिहालुँलाझैँ गरी उचालेको थियो। घोडामाथि सवार भएको जुँगामुठे तीन सरकार मुन्टो दायाँतिर फर्काएर दमनकारी मुद्रामा मखमलीलाई हेरिरहेको थियो। मखमलीका नसा–नसामा चिसोचिसो रक्तधार दगुऱ्यो। उसलाई लाग्यो, घोडामाथि सिकारी चिल बसेको छ र चल्लालाई झम्टा मार्न त्यो तम्तयार छ। आतेसको भावमा उसले मुन्टो फर्काई। उसका आँखा शहीद गेटमाथिका अर्काथरी सालिकमा परे। कसैले भनेको उसले सुनेकी थिई, ती उनै तीन सरकारले ज्यान लिएका रैतीका छोरा हुन्। ऊ एकटकले हेर्दै छे, सबै सालिक उदास छन्। उसले कताकति सुनेकी थिई, तीन सरकारको अत्याचार मास्न तिनले ज्यान अर्पेका थिए। अनि उसले यो पनि सुनेकी थिई, तिनै वीरका ज्यानको आगोले पोलेर तीन सरकार भष्मखरानी भयो र प्रजातन्त्र आयो। दुनियाँदार रैतीको भलो गर्ने प्रजातन्त्र– हो, उसले सुनेको कुरा खसोखास यही हो।

सालिकलाई हेर्दै मखमली तर्क गर्न थाली, सुनेका कुरा र भोगेका कुरा किन नमिलेका होलान् ? पहिले रैतीका छोरा मार्ने र पछि हार्ने सानसँग घोडा चढेको चढ्यै छ, जित्नेहरू झोक्राउँदै चुपचाप बसेका बस्यै छन्। आज दसैँजस्तो बडा दिन ! रैतीका सन्तानले ज्यानको बाजी थापेर, रगत बगाएर ल्याएको त्यत्रो बडा दिन ! उसको प्राण धान्ने चिया सरकारी पुलिसका क्रूर बुटको प्रहारमा परेर नाश भयो। उसले टेकेर उभिने धर्तीको कतै हिसाब रहेन। उसलाई सहारा दिने, आस दिने, भरोसा दिने कोही छैन। अझै तीन सरकारका घोडाका सन्तानहरूकै चकचकी छ। मखमलीले लामो सुस्केरा हाली। मारिनेहरूतिर फर्किंदा उसका अन्तरमा चीत्कार गुन्जिरहेको थियो– बाबु हो ! यस्तै बडा दिन ल्याउन दिया थ्यौ र तिम्ले एकबारको ज्यान ? मखमलीले आँसु पुछी।

बिलखबन्द परेकी मखमली रूखको आड लागेर उभिएकी थिई। उसका पिँडुला फत्रक्कै गले। जिउ थाम्न नसकेर ऊ थुचुक्क पेटीमा बसी। अनि पो उसले देखी, उसको मट्याङ्ग्रे धुलाको रासमा बसेर शिशीमा मुख गाड्दै मस्तसँग दूध खाइरहेको छ। उसका घाँटीका पारदर्शी नसाबाट दूध तल झरेको प्रस्ट देखिँदै छ। छेउमा झुम्मिएका एक बगाल कुकुर लोभी आँखाले हेरिरहेका छन्। त्यो दृश्य देख्दा मखमलीका आँखा फेरि पनि भरिएर आए। ऊ त्यही बालकका लागि, त्यसैको भोलिमा आफ्ना आशा अल्झाएर आजसम्म बाँचेकी थिई। उसैको मायाको तागतले त हो, उसलाई आजसम्म घिटिघिटी बचाइराखेको।

मखमलीका आँखा फेरि तीन सरकारको सालिकमा थुरिन पुगे। उसलाई भनन्न रिङ्गटा लाग्यो। आफ्ना पाउमुनिको धर्ती चाच्चाँडो धसिँदै गएजस्तो लाग्यो उसलाई। उसको स्मृतिपटमा दुःखका तस्बिरहरूको ताँती लाग्न थाल्यो। मनको ऐनामा ऊ आफूलाई हेर्दै छे। हेर्दाहेर्दै ऊ पहाडका मुखियाका हातबाट सर्वस्व लुटिएर तराई झरी। उसले र उसको लोग्नेले पट्टेर जङ्गल उघारेर तराईको माटोमा पसिनाका बिउ छरेथे। अलि वर्षपछि तराईका ठालु र सरकारका लाठेहरूले तिनको बास र तिनका आस भष्मखरानी पारे। अनि भिखारीझैँ चारचौरास चहार्दै, जहाँ जे काम पायो त्यही गर्दै, केही पाए खाँदै, नपाए भोकै मडारिँदै ती काठमाडौँ सहरको साँगुरो, अँध्यारो, ओसिलो छिँडीमा सहारा लिन आइपुगे। उसको लोग्ने बडो कमकरी थियो। भारी पाए ऊ भारी बोक्थ्यो, ठेला पाए ठेला ठेल्थ्यो, केही नपाए चोर्न जान्थ्यो। पछि चिसो छिँडीमा सुकेनासले उसको चोला उठ्यो। त्यो त्यस्तै तीन वर्षअघिको कुरा न हो। पहाडदेखि तराई, तराईदेखि काठमाडौँको अलपत्रे यात्रामा मखमलीका दुईटा सन्तान धुलामा बिलाए। अब बाँकी रहेको छ यही एउटा मट्याङ्ग्रे। उसको दुःखको सहारा भने पनि, सान्त्वनाको त्यान्द्रो भने पनि, आशाको फिलुङ्गो भने पनि, जे भने पनि यही हो– यही मट्याङ्ग्रे।

मखमलीको शिरमाथि चुल्बुले चरो करायो– टुटिट्याँ, टुटिट्याँ। उसले अनुहार मास्तिर उठाई। अनि देखी, छिर्केमिर्के चरो झन्डामा के हो कुन्नि ठुँगिरहेको छ र प्रजातन्त्रको झन्डा हल्लिरहेको छ। तै तै त्यो झन्डा खसिदिए हुन्थ्यो। खसोस् र कसैले नदेखोस् [ उसको फरिया सत्र ठाउँ प्वाल परिसकेको छ। त्यसलाई मुजा पारेर ऊ बलतल्ल लाज ढाक्छे। अनि मट्याङ्ग्रे....। त्यसको ज्यानमा कहिल्यै ननिखिने गरी ठण्डी गाडिइसकेको छ। रातभरि खोकिरहन्छ। कहिले त झिमिक्क आँखा लाउन दिँदैन। दूध चाट्चुट्टै सिध्याएर चरम् सन्तुष्टिसाथ मट्याङ्ग्रेले भन्यो, आमा, आज हाम्रो पनि दसैँ हो ?' उसका निश्छल आँखामा हर्षको असीम सागर उर्लेको थियो, ओठमा निर्दोष मुस्कानको हरियाली छाएको थियो। आमा चाइनेले भावविभोर हुँदै उसलाई छातीमा टाँसी र म्वाई खाई। छोराको निधारमा खसेको आमाको आँसुको थोपो उसको नाके डाँडीतिर बग्यो।

प्रजातन्त्रको तोप पड्क्यो। झसङ्ग हुँदा मखमली झन्नै लडी। सरकारको सवारी हुने बेला भएछ क्यार, डण्ठेको हुलले उसलाई दच्कायो। ठूलाबडाको सवारी हुने बेलामा बोक्सीको जस्तो बिजोकको रूप देखाउने ?' डण्ठेका कर्कश वचन उसका कानमा गुन्जिरहे। आफ्नो सिरिखुरी सम्पत्ति बोकेर ऊ हत्तपत्त भद्रकाली मन्दिरको थुम्कोतिर कुदी। माथि पुग्दा नपुग्दै उसको छाती स्याँस्याँ भइसकेको थियो। थुम्कोमा पुगेर उसले शहीदगेटका शहीदहरूतिर लामो सुस्केरा हुत्याई। उसले तल देखी, तीन सरकारको अचल घोडाको छेवैछेउ भएर उस्तै घोडा बेत्तोडले कुदिरहेका छन्। सडकमा मान्छेभन्दा पुलिस धेरै छन्। प्रजातन्त्रले पेलेर आज उसको कमाई स्वाहा भयो। भगवती माई [ बेलुका के खाने ? अनि भोलि बिहान... ? मखमलीलाई भनन्न रिङ्गटा लाग्यो र दुई हातले टाउको थाम्दै ऊ त्यहीँ ढली। थकित भएर भुइँमा पोखिएकी आमाको दुःखी छातीको सिरानी लाएर छोरो चाइने पलभरमै झपक्क निदायो। ऊ शान्त र सन्तुष्ट थियो।

# नागरिकता ! आ छाड्देउ, अब कति बाँच्छु र !



विराटनगर, ६ फाल्गुन। मोरङको धनपालनाथ गाउँपालिका– ६ की सुखियादेवी सहनीलाई आफ्नो उमेर ठ्याक्कै याद छैन। उनका श्रीमान बिकु सहनीले वृद्धभत्ता पाउन थालेको दुई वर्ष भयो। सुखियादेवीलाई आफू ७० वर्ष पुगेँ कि भन्ने लाग्छ। तर उमेर किटान गर्ने कुनै आधिकारिक कागज उनीसँग छैन। नागरिकता बनाउन चार पटक प्रयास गरिन्, तर बनेन। उमेर छदा उनलाई नागरिकताको आवश्यकता महसुस भएन, बुढेसकालमा नागरिकता चाहिनुको कारण हो सामाजिक सुरक्षा भत्ता।

उनलाई जिल्ला प्रशासन कार्यालय मोरङका कर्मचारीले बुवा वा बुवाको नागरिकता लिएर आउनू भन्दै फर्काए। बुवा ल्याउनु, आमा ल्याउनु अनिमात्रै दिन्छु भन्छन्, काताबाट ल्याउनु', उनले भनिन्, आ.. छाड्देऊ अब कति दिन जिउछु र।' उनका बुबा–आमा दुबैको मृत्यु भइसकेको छ। त्यसैले अब उनीहरु वा उनीहरुको नागरिकता लिएर प्रशासन कार्यालय जान सम्भव छैन। आफ्नो उमेर ढल्कदै गएको बताउँदै उनले अब नागरिकता बनाउन बल नगर्ने बताइन्। तर वृद्धभत्ता सम्झदा नागरिकताको लोभ लाग्छ। उनका श्रीमान बिकुले नियमित रुपमा वृद्ध भत्ता पाउँछन्। श्रीमानले पाएको भत्ताले घर चलाउन भरथेग भएको छ।

सुखियादेवीका अनुसार २०६४ सालमा गाउँमा टोली आएका बेला श्रीमान र छोराले नागरिकता बनाएका थिए। त्यसबेला सुखियादेवीले नागरिकता बनाउन चासो दिइनन्। नागरिकताको आवश्यकता महसुस पनि भएको थिएन। तर उमेर ढल्कदै गएपछि वृद्धभत्ता पाउने आशाले नागरिकता बनाउन प्रयास गर्दा नागरिकता बनेन। भत्ता खान त हुन्थ्यो, तर मेरो बुबाकै नागरिकता बनेन, त्यसपछि मेरो पनि बनेन, के गरौं', सुखियादेवी भन्छिन्, अरु सबैको भएछ, मेरो चाहिँ बन्दैन रे।'

उनका दुई छोरा एक छोरी छन्। जेठो छोरा गाडी चलाउछन्, कान्छा मजदुरी गर्छन्। उनी छोराहरुसँग बसेर दैनिकी कटाइरहेकी छन्। मोरङका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराई जन्मको आधारमा नागरिकता बनाएका बुबा–आमामध्ये एक जनाको मात्रै नागरिकता छ भने उनीहरुको छोराछोरीको नागरिकता बन्ने प्रावधान छैन। यसरी नागरिकता नपाउनेको संख्या मोरङमा तीन हजार भन्दा बढी छ। कानुनमा जन्मसिद्ध नागरिकता लिएका बुबा–आमाकै नागरिकता भएमात्रै सन्तानको वंशज नागरिकता बन्ने प्रावधान छ।

बुबा आमामध्ये एक जनाको मात्रै नागरिकता भएकाहरुको छोरा छोरीले नागरिकता पाएका छैनन्। नागरिकता बनाउन नपाएका अधिकांशको बुबाको मात्रै र केहीको आमाको मात्रै नागरिकता छ। बुबाआमा दुवैको जन्मसिद्ध नागरिकता भएका १२ हजार ६ सय भन्दा बढीले वंशजको नागरिकता पाएको भट्टराईले बताए। यो संख्या गत ११ असारदेखि १ फागुनसम्मको हो। ती मध्ये जिल्ला प्रशासन कार्यालय मोरङबाट ८ हजार ९७४, इलाका प्रशासन कार्यालय रंगेलीबाट ३ हजार १९९ र इलाका प्रशासन कार्यालय उर्लाबारीबाट ४६९ जनाले नागरिकता लिएका छन्।

नेपालको संविधान २०७२ को धारा ११ को उपधारा (३) मा जन्मका आधारमा नागरिकता पाएकाहरुको विषय समेटिएको छ। ११ को उपधारा ३ मा लेखिएको छ, यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।'

नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ को दफा २ को उपदफा (२) मा भनिएको छ, २०७२ साल असोज ३ गतेभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछ भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।'

# परिवार नियोजनको सबैभन्दा उत्तम तरिका के हो ?

**डा. जस्मिन श्रेष्ठ**
प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

परिवार नियोजनका साधन स्थायी र अस्थायी गरी दुई किसिमका हुन्छन्। स्थायी परिवार नियोजनको साधन बन्ध्याकरण हो, जुन पुरुष र महिला दुवै गर्न सक्छन्। परिवार नियोजनको अस्थायी साधनका धेरै विकल्प छन्। कण्डम, पिल्स, डिपोप्रोभेरा (तीनमहिने सुई), इम्प्लान्ट, आईयूसीडी (कपरटी) आदि परिवार नियोजनका अस्थायी साधन हुन्। परिवार नियोजनको अस्थायी साधनका आ–आफ्नै फाइदा र बेफाइदा छन्।

**कण्डम**

कण्डम महिला र पुरुष दुवैले प्रयोग गर्न सक्छन्। परिवार नियोजनको साधनमा कण्डम सबभन्दा उत्तम अस्थायी साधन हो। यसको प्रयोग राम्रोसँग गर्न सकेमा असफल दर कम हुन्छ। साथै यौनजन्य रोगबाट पनि बचाउँछ। कण्डमलाई राम्रोसँग प्रयोग गर्न नसकेको खण्डमा भने असफल हुने सम्भावना हुन्छ।

**पिल्स**

पिल्स चक्कीलाई दैनिक सेवन गर्नुपर्छ, छुट्टाउन मिल्दैन। यसको प्रमुख फाइदा भनेको गर्भधारणबाट बचाउने हो। साथै नियमित पिल्स खाएमा महिनावारी पनि नियमित हुन्छ। यदि महिलाले नियमित रूपमा पिल्स खाएमा फेलिएर' हुने दर सबैभन्दा कम हुन्छ। तर महिलाले उक्त चक्की ठीक समयमा नै खानुपर्छ। राति खाने गरेको छ भने राति नै खाने र यदि राति बिर्सेमा भोलिपल्ट बिहानै खानुपर्छ। यदि औषधि खान छुट्याइयो भने महिनावारीपछि पनि रगत बग्ने समस्या हुन सक्छ। पिल्सको साइड इफेक्ट भनेको शरीरको वजन घटबढ हुने, चायाँ पोतो आउने हुनसक्छ। साथै सुरुमा वाकवाकी लाग्ने, रिंगटा लाग्ने, खान मन नलाग्ने हुनसक्छ। उच्च रक्तचापमा पिल्स खानु हुँदैन।

**डिपोप्रोभेरा**

डिपोप्रोभेरा तीन–तीन महिनामा दिने इन्जेक्सन हो, त्यसैले यसलाई नेपालमा तीनमहिने सुई भनेर पनि चिनिन्छ। जसमा प्रोजेस्टोरन हार्मोन हुन्छ र त्यसले गर्भधारणलाई रोक्छ। यसको असफलताको दर भने पिल्समा भन्दा धेरै हुन्छ। इन्जेक्सन दिने व्यक्तिले राम्रोसँग दिन सकेन भने फेल हुने सम्भावना हुन्छ। यसको फाइदा भनेको बच्चा बस्न नदिने हो। डिपोप्रोभेराको प्रमुख असर भनेको महिनावारी गडबड हुने, महिनावारी नहुने हो। यदि महिनावारी भएमा धेरै रक्तस्राव हुनसक्छ।

**इम्प्लान्ट**

इम्प्लान्ट पाँच वर्षका लागि पाखुरामा राखिन्छ। यसमा पनि प्रोजेस्टोरन हार्मोन हुन्छ र त्यसले गर्भधारणलाई रोक्छ। यसमा प्रयोग हुने हार्मोन डिपोप्रोभेरा जस्तै भएकाले फाइदा बेफाइदा पनि उस्तै हुन्छ। पाँच वर्षपछि त्यसलाई निकाल्नुपर्छ। तर ८४ केजी भन्दा बढी तौल भएका महिलाले भने यसलाई चार वर्षमा नै निकाल्नुपर्छ। बढी तौल हुँदा पाँच वर्षसम्म यसको प्रभावकारिता कम हुनसक्छ। इम्प्लान्ट राख्न तालिमप्राप्त व्यक्ति हुनुपर्छ। यो शरीरभित्र राख्ने भए पनि यसले शारीरिक रूपमा कुनै पनि किसिमको असर गर्दैन।

**आईयूसीडी**

आईयूसीडी एक पटक लगाएपछि १२ वर्षसम्मलाई काम गर्छ। यो टी आकारको हुन्छ। यसमा हार्मोन प्रयोग हुँदैन। यसको प्रमुख काम पाठेघरमा बच्चा बस्न नदिने नै हो। हार्मोन नभएकाले यसको प्रयोगले तौल गडबड हुने, महिनावारी गडबड हुने जस्तो समस्या देखिँदैन। तर महिनावारीमा बढी रक्तस्राव हुने समस्या भने हुनसक्छ। सुरुमा तल्लो पेट दुख्ने समस्या पनि हुनसक्छ।



**पिल्स चक्की लामो समय प्रयोग गर्दा गर्भधारण नहुने समस्या हुन्छ ?**

पिल्स चक्कीको प्रयोग लामो समय गर्दा, प्रयोग गर्न छाडेपछि पनि गर्भधारण नहुने समस्या हुन्छ भनेको सुनिन्छ। तर यो मिथ मात्र हो। यसको प्रयोग गर्न छाडेको केही महिनापछि छैन गर्भधारण हुन्छ। पिल्स मात्र होइन, परिवार नियोजनको अन्य अस्थायी साधन प्रयोग गर्दा पनि पछि बच्चा नबस्ने समस्या हुँदैन। विभिन्न अध्ययनले पनि परिवार नियोजनको अस्थायी साधन गर्न छाडेको लगभग एक वर्षमा गर्भमा बच्चा बस्छ भनेको छ।

**बन्ध्याकरण**

तराई क्षेत्रमा बन्ध्याकरण गर्ने महिला धेरै हुन्छन् भने पहाडी क्षेत्रमा महिलाको तुलनामा पुरुष बढी हुन्छन्। तर समग्र नेपालमा बन्ध्याकरण गराउने पुरुषको तुलनामा महिला नै धेरै छन्। परिवार नियोजनको अस्थायी र स्थायी प्रयोगपछि असफल हुने सम्भावना हुँदैन, यसले शतप्रतिशत गर्भधारण रोक्छ भन्ने पनि हुँदैन। स्थायी उपाय अपनाउँदा पनि एक प्रतिशत फेल हुने सम्भावना हुन्छ। स्थायी उपाय अपनाउँदा पनि गर्भ बसेको शंका लागे तुरुन्त अस्पताल गएर चिकित्सकलाई भेट्नुपर्छ। महिलाहरूमा शल्यक्रियापछि खासै समस्या हुँदैन। तर पुरुषले भने शल्यक्रिया गरेको तीन महिनापछि वीर्य जाँच गर्न जानुपर्छ। शल्यक्रिया सफल भयो कि भएन भन्ने कुरा तीन महिनापछि मात्र पत्ता लाग्छ।

पुरुषको भ्यासेक्टोमी गर्दा बीचको भाग मात्र काटिन्छ, यस्तोमा अगाडिको भागमा शुक्रकीट बाँकी रहन्छ । बीचमा काटेको हुँदा नयाँ शुक्रकीट आउँदैन। तर अगाडिको भागमा भएको शुक्रकीट निस्किएर बच्चा बस्नसक्छ। तीन महिना अस्थायी साधन प्रयोग गर्नुपर्छ। तीन महिनापछि वीर्य जाँच गरेपछि शुक्रकीट छैन भने मात्र त्यो शल्यक्रिया सफल भयो भनेर ढुक्क हुनुपर्छ।

**स्थायी परिवार नियोजनपछि यौन जीवनमा कुनै समस्या हुन्छ ?**

स्थायी परिवार नियोजनपछि यौन जीवनमा समस्या आउँछ भनेको पनि सुनिन्छ। तर यो कुरामा सत्यता छैन। स्थायी बन्ध्याकरणपछि यौन जीवनमा समस्या हुन्छ भन्ने कुरालाई कुनै अध्ययनले प्रमाणित गरेको छैन। अपवाद हुन सक्ला तर खासै यस्तो समस्या देखा परेको पाइएको छैन।

**ध्यान दिनुपर्ने कुरा**

औषधि पसलमा गएर आफूखुसी पिल्स किनेर खाँदा, तीनमहिने सुई लगाउँदा भने त्यसको फाइदा बेफाइदाको बारेमा थाहा हुँदैन। तर परिवार नियोजनको सल्लाह दिने स्वास्थ्य संस्थामा गएर सल्लाहअनुसार अस्थायी साधनको प्रयोग गरियो भने फाइदा वा यसको साइड इफेक्टहरुको बारेमा पनि थाहा हुन्छ। त्यसैले परिवार नियोजनको सल्लाह दिने स्वास्थ्य संस्थाबाट सल्लाह लिएर मात्र अस्थायी साधनको प्रयोग गर्नु राम्रो हुन्छ। परिवार नियोजनको विभिन्न उपाय अपनाइहँदा पनि कण्डमको प्रयोग गरियो भने विभिन्न यौन रोगबाट पनि बच्न सकिन्छ।

# रौतहटमा कर्फ्युको दायरा बढाइयो

रौतहट, ६ फाल्गुन। रौतहटको ईशनाथ नगरपालिकामा कर्फ्यु अवधिमै उच्छृंखल गतिविधि हुँदा स्थानीय प्रशासनले कर्फ्यु दायरा बढाएको छ। ईशनाथ-७ घिउरा गाउँमा सरस्वतीको मूर्ति सेलाउने विषयमा दुई समुदायबीच झडप हुँदा स्थानीय प्रशासनले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ। सरस्वतीको मूर्ति सेलाउन लैजाने समूहमाथि शनिबार घिउरामा मुस्लिम समुदायले घरको छतबाट ढुङ्गा हान्दा स्थानीय कार्तिकेश ठाकुर लगायतका मानिस घाइते भएका थिए।

झडपमा मुस्लिम समुदायका केही व्यक्तिहरू पनि घाइते भएको तर घाइतेको संख्या यकिन हुन नसकेको प्रहरीले बताएको थियो। घटना नियन्त्रण गर्न मधेश प्रदेश प्रहरी प्रमुख डिआईजी यज्ञबिनोद पोखरेल, सशस्त्रका डिआईजी दीपेन्द्र साह समेत घटनास्थल पुगेका थिए। स्थिति नियन्त्रणमा लिन सिडिओ हिरालाल रेग्मीले एक सूचना जारी गर्दै शनिबार साँझ ५ बजेदेखि लागू हुने गरी कर्फ्यु आदेश जारी गरेका थिए। कर्फ्यु अवधिमै उच्छृंखल गतिविधि भएपछि स्थानीय प्रशासनले कर्फ्यु क्षेत्र फराकिलो बनाएको छ।

कर्फ्यु जारी संगै उक्त क्षेत्रमा नेपाल प्रहरी सशस्त्र प्रहरी गरी ७०० जनशक्ति परिचालन गरिएको छ। अवस्था सामान्य पनि भएको थियो। यसैबीच कर्फ्युकै अवधिमा आइतबार केही उच्छृंखल युवाहरूको समूहले ईशनाथ नगरपालिका औंरैया गाउँमा रहेको मस्जिदको माथि गुम्बदबाट माइक (हरन) खोलेको छ। यसरी मस्जिदको माथि रहेको माइक खोल्दा पुनः अवस्था तनावग्रस्त हुनसक्ने भएकाले प्रहरीले सजगता अपनाएको छ। जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले घटनाको पुष्टि गर्दै संलग्नको खोजी भइरहेको बताएकी छन्।

कर्फ्यु अवधिमै थप साम्प्रदायिक विवाद बढ्ने सम्भावनालाई मध्यनजर गर्दै सिडिओ रेग्मीले आयतबार एक सूचना जारी गर्दै कर्फ्युको दायरा फराकिलो बनाएका छन्। बनजरहा नगरपालिका वडा २,३,४,५, ६र ७ मा समेत अनिश्चितकालीन कर्फ्यु जारी गरिएको छ। पूर्वमा बनजरहा मोड हनुमान मन्दिर, पश्चिम सानो घिउरा, उत्तर रामपुर खाप, र दक्षिणमा सशस्त्र प्रहरी आउट पोस्ट बोर्डर औंरैयादेखि जयनगरसम्म चारकिल्लाभित्र कर्फ्यु जारी गरिएको जिल्ला प्रशासन कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ। साथै यस साम्प्रदायिक विवादलाई फैलाउने कुनै प्रकारको तस्बिर भिडियो, स्टेटस सामाजिक सञ्जालमा नराख्न जिल्ला प्रहरी कार्यालय रौतहटले आग्रह गरेको छ।

पछिल्लो दुई/तीन दिनदेखि केही मानिसहरूले ईशनाथको घटनासँग जोडिएका विभिन्न भ्रामक भिडियो तस्बिर तथा स्टेटसहरू सामाजिक सञ्जालमा देखिएकाले सामाजिक सद्भाव कायम राख्न त्यस्तो गतिविधि नगर्न जिल्ला प्रहरी कार्यालय रौतहटले जिल्लावासीलाई आग्रह गरेको छ।

# दंगल'की कान्छी अभिनेत्री सुहानीको शरीरमा तरल पदार्थ जम्दा निधन



मुम्बइ, ६ फागुन। दंगलमा आमिर खानकी छोरीको भूमिका निभाएकी सुहानी भटनागरको १९ वर्षको उमेरमा निधन भएको छ। सुहानी भटनागरको मृत्युको कारण उनको सम्पूर्ण शरीरमा तरल पदार्थ जम्मा भएको बताइएको छ। केही समयअघि दुर्घटनाको कारण उनको खुट्टा भाँचिएको थियो। उपचारका क्रममा लिइएको औषधिको साइड इफेक्ट देखियो र शरीरमा तरल पदार्थ जम्मा हुन थाल्यो। उनी लामो समय देखि दिल्लीको एम्स अस्पतालमा भर्ना थिइन्।

सुहानीको निधनको खबर आएपछि आमिर खान प्रोडक्सनले पोस्टमार्फत शोक व्यक्त गरेको छ। यो पोस्टमा लेखिएको छ कि सुहानी सधैं हाम्रो हृदयमा एक तारा हुने छिन्।' यसका साथै दंगलका निर्देशक नितेश तिवारीले पनि शोक व्यक्त गर्दै भनेका छन्, सुहानीको निधन एकदमै स्तब्ध र दुःखदायी छ। उनी धेरै खुसी र भाग्यवान थिइन्। उनको परिवारमा मेरो गहिरो समवेदना छ।' सुहानी भटनागरसँगै जायरा वसीम पनि आमिर खानकी छोरीहरूको बाल्यकालको भूमिकामा देखिएकी थिइन्। र, आमिरले दुवैको तारिफ गरेका थिए।

इन्डियन एक्सप्रेसका अनुसार जब दंगल २०१६ मा रिलिज हुन लागेको थियो, तब आमिर खानले सुहानीको तारिफ गर्दै उनी आफूभन्दा राम्रो अभिनेत्री भएको बताएका थिए। आमिरले भनेका थिए, यदि फिल्ममा हामी सबैको अभिनयको मूल्याङ्कन गर्ने हो भने म यी दुई बच्चालाई मेरो अभिनयभन्दा दश गुणा राम्रो भन्छु। फिल्म रिलिज भएपछि दर्शकले यो पनि देख्नेछन्।' नभन्दै उनको अभिनयको सबैतिर तारिफ हुन पुग्यो। आमिरले पनि आफ्नो फिल्मी करियर २५ वर्षसम्म चलेको तर यी बालबालिका निकै प्रतिभाशाली रहेको बताएका थिए। फिल्मका लागि उत्कृष्ट बाल कलाकार छनोटको महत्वबारे कुरा गर्दै आमिर खानले आफू र फिल्मका निर्देशक नितिश तिवारीलाई राम्रो बाल कलाकार नभेटिएमा फिल्म नबनाउने कुरासमेत गरेको अवस्थामा उनीहरू भेटिएका थिए। तर, यो फिल्मले भारतीय समाजलाइ ठूलो प्रभाव छाडेको थियो।

८ महिनाको मिहिनेत पछि गीता फोगटको भूमिका जायरा वसीमलाई र कान्छी बबिता फोगटको भूमिका सुहानी भटनागरलाई दिइएको थियो। आमिरले यो पनि भनेका थिए, मैले यी बालबालिकाबाट धेरै शरारती कुरा सिकेको छु। म सधैं यो विश्वास गर्छु कि म अझै ठूलो भएको छैन र अझै भित्रबाट बच्चा हुँ। मलाई यी बच्चाहरूसँग काम गर्न रमाईलो लाग्यो।'

# माओवादीको आरोप : मधेशमा जसपाको एकल सरकार जस्तो भयो

जनकपुरधाम, ६ फाल्गुन। मधेशमा नेकपा माओवादी केन्द्रले मुख्यमन्त्री सरोजकुमार यादवको आलोचना गरेको छ। मुख्यमन्त्री यादवले आइतबार प्रदेशसभामा विश्वासको मत मागेपछि धारणा राख्ने क्रममा माओवादी केन्द्रका संसदीय दलका नेता भरतप्रसाद साहले सरकारको गति सुस्त भएको र मुख्यमन्त्रीले सल्लाह र सहकार्य नगरेको बताएका हुन्। उनले सरकार समन्वय सहकार्य नगर्दा सप्तरीको राजविराजमा कृषि विश्वविद्यालयको भवन शिलान्यासको विषयमा विवाद भएको बताए।

सरकार प्रमुखले गठबन्धन, सर्वदलीय बैठक गर्नुभएन। गठबन्धनको बैठक वा सर्वदलीय बैठक पूर्वमा भएको भए राजविराज घटना हुने थिएन', नेता साहले भने सरकारले हामीलाई किन सम्झेन, किन सहकार्य गरेन त्यस विषयमा गम्भीर हुन आग्रह गर्न चाहन्छु।'



नेता साहले सरकार जनता समाजवादी पार्टीको जस्तो मात्र देखिएको टिप्पणी गरे। कहिलेकाही यो जसपाको सरकार मात्रै हो कि, कहिलेकाहीं सरकारको ब्यानरमा जसपा मात्रै देखिन्छ। यो कुराहरु सच्याउन आवश्यक देखिन्छ', उनले भने।

शनिबार भएको सत्ता गठबन्धनको बैठकमा मुख्यमन्त्रीले आफूहरुले उठाएको कुरालाई गम्भीरतापूर्वक लिएको र विगतको कमजोरी सच्याउने प्रतिबद्धता जनाएको भन्दै साहले विश्वासको मत दिने बताए। अब सरकार नयाँ सिराबाट अघि बढ्छ भन्ने विश्वास छ। त्यसैले आज विश्वासको मत दिन्छौं' नेता साहले भने। गत ९ माघमा जनमत पार्टीले मधेश सरकार छाड्नुका साथै सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको थियो। त्यसैले मुख्यमन्त्री यादवले आइतबार विश्वासको मत लिन लागेका हुन्।

### *मुख्यमन्त्री यादवलाई...*

१३, लोकतान्त्रिक समाजवादी पार्टीको नौ, नेकपा (माओवादी केन्द्र) को नौ र नेकपा (एकीकृत समाजवादी) पार्टीको सात, नेपाल संघीय समाजवादी पार्टीको एक, नागरिक उन्मुक्ति पार्टी एक, राष्ट्रिय प्रजातन्त्र पार्टी एक र तीन जना स्वतन्त्र रहेको प्रदेशसभा सचिवालयका प्रवक्ता अरुणकुमार झाले जानकारी दिए।

आजको बैठकमा विभिन्न दलका नेताले सरकारको कामकाजको आलोचना समेत गर्नुको साथै सरकारसँग विभिन्नखालका प्रश्नहरू राखेका थिए। बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै मुख्यमन्त्री यादवले आफू सदैव राम्रो कामको पक्षमा रहेको र आउने दिनमा पनि राम्रो काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

### *गाउँमै आँखाको...*

अन्धोपन निवारण गर्ने योजना अनुसार यस वर्षा २४ हजार मोतियाबिन्दुको शल्यकृया गर्ने लक्ष्य रहेको बताए। सोही योजना अनुसार धनगढीमाई नगरपालिकाको अनुरोधमा प्रतिष्ठानले यहाँ शिविर सञ्चालन गरेको बताए। उनले यो प्रविधि अनुसार अस्पतालमा गएर शल्यक्रिया गराउने होभने एउटा शल्यक्रियाको अस्पताललेमात्र मात्र करिव १७ हजार रुपैयाँ लिने बताए। अतिनै विश्वसनिय आफ्नै उत्पादित लेन्स र विश्वस्तरको प्रविधि प्रयोग गरेर अप्रेशन भएको पनि उनले बताए।

# बर्दिबासमा प्रदेश स्तरीय ब्याडमिन्टन प्रतियोगिता

**रवीन्द्र उप्रेती**

बर्दीबास, ६ फाल्गुन। बर्दिबासमा सोमबारदेखि प्रदेश स्तरीय चौथो मेयर कप खुला ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ। प्रजातन्त्र दिवसको अवसर पारेर बर्दिबास नगरपालिका तथा बर्दिबास ब्याडमिन्टन संघको संयुक्त आयोजनामा पुरुष डबल्स स्पर्धामा प्रतिस्पर्धा हुने जनाइएको छ। प्रतियोगितामा मधेश प्रदेशका ८ र सिन्धुलीसमेत गरी ९ जिल्लाका ३२ वटा टिमबिच प्रतिस्पर्धा हुने आयोजक बर्दिबास ब्याडमिन्टन संघका अध्यक्ष पोषणा थापाले संचारकर्मीलाई बताउनुभयो। नाम दर्ता गर्ने क्रम जारी रहेकाले प्रतियोगितामा सहभागी हुने टिमको संख्या थपघट हुन सक्छ," थापाले बताए।

प्रतियोगितामा विजयी टिमलाई ३१ हजार रुपियाँसाथै मेडल, प्रमाणपत्र र ट्रफी प्रदान गर्ने व्यवस्था मिलाइएको छ। यस्तै उपविजेता टिमले १५ हजार र तेस्रो स्थान प्राप्त गर्ने दुई टिमलाई ११ हजार रुपियाँ प्रदान गरिनेछ। पाँच लाख ५० हजार रुपियाँ लागत खर्च अनुमान गरिएको प्रतियोगिताका लागि बर्दिबास नगरपालिकाले चार लाख रुपियाँ सहयोग गरेको छ। बाकी खर्चको जोहो एन्ट्री चार्जबाट प्राप्त रकम र अन्य श्रोतबाट व्यवस्थापन गरिने आयोजकले जनाएको छ।

बर्दिबास ब्याडमिन्टन कभर्ड हलको तीन वटा कोर्टमा एकैसाथ आयोजना हुने प्रदेश स्तरीय प्रतियोगितालाई सभ्य र भव्य रूपमा सञ्चालन गर्नका लागि खेल व्यवस्थापन, अर्थ व्यवस्थापन, मेस व्यवस्थापन लगायत छुट्टाछुट्टै पाँच वटा उपसमिति गठन गरिएको छ। बर्दिबासमा सडक खाना महोत्सव पनि चलिरहेको अवस्थामा आयोजना हुन लागेको प्रदेश स्तरीय ब्याडमिन्टन प्रतियोगिताप्रति थप आकर्षण र चासो बढेको आयोजकसंघका अध्यक्ष थापाले बताए।

*छोरीलाई विभेद नगरौं,*
*समाजलाई कमजोर नपारौं*

## मेलम्ची आयोजनामा भ्रष्टाचार :
# भीम उपाध्यायसहित १८ जनाविरुद्ध ६ अर्ब बिगो माग गर्दै मुद्दा दायर

काठमाडौं, ६ फाल्गुन। मेलम्ची खानेपानी परियोजनामा करोडौं रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वसचिव भीम उपाध्यायसहित १८ जना व्यक्ति र कम्पनीविरुद्ध मुद्दा दायर गरेको छ। अख्तियारले मेलम्चीमा विभिन्न मितिमा भएका भुक्तानीका कारण राज्यलाई करोडौं रुपैयाँ नोक्सानी पुगेको र व्यक्तिगत फाइदा पुगेको भन्दै १८ जना व्यक्ति र संस्थाविरुद्ध छ अर्ब ७४ करोड रुपैयाँभन्दा धेरै बिगो माग गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो। अख्तियारले खानेपानी मन्त्रालयका पूर्वसचिव सञ्जयकुमार शर्मा र तत्कालीन सहसचिव तथा मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्य मुकुन्दप्रसाद शर्माविरुद्ध छ करोड ९७ लाख ८३ हजार रुपैयाँ बिगो दाबी गरेर मुद्दा दर्ता गराएको छ।

यस्तै तत्कालीन सचिव भीम उपाध्यायविरुद्ध चार करोड११ लाख ३४ हजार, तत्कालीन सचिव गजेन्द्रकुमार ठाकुरविरुद्ध ६० करोड ४९ लाख १९ हजार, तत्कालीन मेलम्ची खानेपानी विकास समितिका बोर्ड सदस्य तथा सहसचिव रुद्रसिंह तामाङविरुद्ध ११ करोड नौ लाख १७ हजार रुपैयाँ बिगो कायम गरेर मुद्दा दायर भएको अख्तिारले जनाएको छ। यस्तै बोर्डका सदस्य चन्दबहादुर थापाविरुद्ध ७१ करोड ५८ लाख ३७ हजार, मेलम्ची खानेपानी विकास समितिका तत्कालीन कार्यकारी निर्देशक घनश्याम भट्टराईविरुद्ध २२ करोड ७५ लाख १९ हजार, तत्कालीन कार्यकारी निर्देशक रामचन्द्र देवकोटाविरुद्ध ३२ करोड ३५ लाख ६१ हजार, तत्कालीन कार्यकारी निर्देशक सूर्यराज कँडेलविरुद्ध ८९ करोड आठ लाख ९८ हजार, विकास समितिका तत्कालीन उपसचिव मणिभद्र न्यौपानेविरुद्ध ३२ करोड ३५ लाख रुपैयाँ बिगो माग गरेर मुद्दा दायर भएको छ।

यस्तै रामचन्द्र न्यौपाने, बेगनाथ पौडेल, केदारप्रसाद अर्याल, भोजविक्रम थापा, शिवकुमार शर्मा, परामर्शदाता इप्सिा सर्भिसेस दी इन्जिनियरिङ र बीईटीएस कन्सल्टेन्सी र निर्माण व्यवसायी सीएमसी दी रेभिनाविरुद्ध पनि करोडौं रुपैयाँ बिगो र जरिबानासहित मुद्दा दायर भएको छ। यिनीहरूले निर्माण व्यवसायी सीएमसी दी रेभिनालाई कामै नगरि भुक्तानी दिएको, कम्पनीले छाडेर गएको मेशिन तथा अन्य सामग्रीको हिसाब नगरि सबै पैसा भुक्तानी दिएको, बिलमा गडबडी गरेको लगायतका कारणबाट ८५ करोड रुपैयाँ सरकारको नोक्सानी गराएको अख्तियारको आरोप छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, e-mail : marganugamidaily@gmail.com **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)